# आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक**
**शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा**
**विद्यावारिधि (पिएच.डी.) उपाधिका**
**लागि प्रस्तुत**

## शोधप्रबन्ध


शोधार्थी

**सुधा त्रिपाठी**

पिएच. डी. दर्ता नं.१२

त्रि.वि. दर्ता नं.३३-०८४०५६-५

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं


२०६८

# शोधप्रबन्ध समितिको सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयकी शोधार्थी श्री सुधा त्रिपाठीले **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकमा विद्यावारिधि उपाधिका लागि अनुसन्धानकार्य सम्पन्न गरी तयार गरेको र विभागीय मूल्याङ्कनसमेत सम्पन्न भई आवश्यक संशोधन र परिमार्जन गरी प्रस्तुत गरेको यो शोधप्रबन्ध अन्तिम बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछौं ।

**शोधप्रबन्ध समिति**

---------------

**प्रा.डा. वासुदेव त्रिपाठी**
शोधनिर्देशक

---------------

**प्रा. राजेन्द्र सुवेदी**
शोधविशेषज्ञ

मिति : २०६७-११-६-६

# अनुमोदन पत्र

**आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकमा विद्यावारिधि (पिएच. डी.) शोधकार्य गर्ने शोधार्थी श्री सुधा त्रिपाठीले नेपाली विषयमा विद्यावारिधि उपाधिका लागि परिपूर्ति गर्नु पर्ने आवश्यक प्रक्रिया पूरा गरी अन्तिम मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिमा शोधप्रबन्ध बुझाएकामा अनुसन्धान समितिले उपर्युक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ ।

मिति : २०६८।२।२।२

..............................

**प्रा.डा. नवराज कणेल**

डिन एवं अध्यक्ष

अनुसन्धान समिति

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

त्रिभुवन विश्वविद्यालय

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिन कार्यालयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशकका निर्देशनमा रही सम्पन्न गरेको पूर्णतः मौलिक कार्य हो । मैले यस शोधप्रबन्धको लेखनका क्रममा विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी तिनको उपयोग गरेकी छु र तीप्रति कृतज्ञ पनि छु । यस शोधप्रबन्धमा प्रस्तुत निष्कर्षलाई मैले यसअघि कहीं पनि कुनै उपाधि अथवा अन्य प्रयोजनका निमित्त प्रस्तुत गरेकी छैन । यस शोधप्रबन्धको कुनै पाठ/अंश पुस्तक वा पुस्तकको अंशका रूपमा प्रकाशित गरे/गराएको छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरूद्ध कुनै प्रमाण भेटिए म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

......................

सुधा त्रिपाठी

पिएच.डी. दर्ता नं.१२

त्रि.वि. दर्ता नं.३३-०८४०५६-५

# कृतज्ञता ज्ञापन

म आफ्नो किशोर वयदेखि नै महिलाका विषयमा चिन्तनशील रहँदा आत्मसुखको अनुभव गर्दथें । मैले साहित्य लेखनतर्फ प्रवृत्त हुन थालेपछि त्यस प्रवृत्तिलाई साहित्यसँगै गाँसेर अगाडि बढाउन थालें । समालोचना लेखनले पनि आफ्नो मूल गोरेटो त्यसैलाई बनायो । यसैले पाश्चात्य नारीवादी चिन्तनलाई पनि मैले सहज रूपमा आत्मसात् गरें । विद्यावारिधि उपाधिका निम्ति सरसल्लाह माग्न गएका बखत मेरो लेखन-प्रवृत्तिलाई नजिकैबाट नियालिरहनुभएका मेरा श्रद्धेय गुरुवर प्रा.डा. वासुदेव त्रिपाठीज्यूले नारीवादी अध्ययनक्षेत्र चयन गर्ने सुझाव दिनुभयो । मैले त्यस अध्ययनलाई नेपाली साहित्यको उपन्यास विधासँग जोडेर अगाडि बढाउने निश्चय गरेँ र मानविकी डिन कार्यालयमा नाम दर्ता गरें । मेरो अनुरोध अनुसार उहाँले शोधनिर्देशक हुन मञ्जुर गरेर मलाई ठूलो गुण लगाउनुभएको छ ।

नेपाली भाषामा नारीवादी सिद्धान्तको सहज उपलब्धताको अभावले मलाई निकै अप्ठेरो पार्‍यो । त्यसमाथि मूल रूपमा चाहिँ हिन्दीको नभएर अङ्ग्रेजी पुस्तककै अध्ययन गर्नु राम्रो हुन्छ भन्ने मेरा गुरुको आशय थियो र त्यसलाई पालन गर्ने क्रममा पनि मैले निकै लामो समय लगानी गर्नुपर्‍यो । जीवनका पेसागत, घरव्यवहारगत, साहित्यिक-सामाजिक-राजनीतिक सक्रियता एवं स्वास्थ्यका प्रतिकूलताका कारणले अध्ययनका निम्ति पर्याप्त समय जुटाउन नसक्ता म बेलाबखत हतोत्साहित भएकै हुँ । त्यस्तो समयमा मलाई आत्मबल जगाउन सहयोग गरेर जुन गुण मेरा गुरुले लगाउनु भएको छ त्यो सर्वोपरि छ । समालोचनात्मक भन्दा पनि सृजनात्मक लेखनमा बढी क्रियाशील मलाई शोधकार्यको वस्तुनिष्ठतातर्फ डोर्‍याउन उहाँले जेजस्ता मार्गनिर्देश र सुझाव दिनुभएको छ ती मेरा जीवनका अमूल्य निधि बनेका छन् । प्रा. डा. वासुदेव त्रिपाठीजस्ता विद्वान् एवं सुयोग्य गुरुका निर्देशनमा आफ्नो शोधकार्य पूरा गर्न पाएकामा म गौरवान्वित छु ।

मेरा शोधविशेषज्ञ श्रद्धेय गुरुवर प्रा. राजेन्द्र सुवेदीज्यूले मलाई दिनुभएको उत्प्रेरणा, छिटो काम सक्न लगाउनुभएको हुट्हुटी र विभागीय प्रमुखका हैसियतले गर्नुभएको सहयोग मेरो लक्ष्यप्राप्तिका निम्ति महत्त्वपूर्ण बनेका छन् । उहाँप्रति आभार प्रकट गर्ने शब्द पनि मैले भेटिरहेकी छैन । साथै नेपाली केन्द्रीय विभागका सम्पूर्ण सहकर्मी मित्रहरू प्रा. केशव सुवेदी, प्रा.डा.मोतीलाल पराजुली, प्रा.डा.व्रतराज आचार्य, प्रा.डा.देवीप्रसाद गौतम, प्रा.डा.महादेव अवस्थी, डा.देवीप्रसाद सुवेदी, डा. जीवेन्द्रदेव गिरी र रामेश्वर अर्यालप्रति पनि म उहाँहरूको शुभेच्छाका निम्ति आभार प्रकट गर्दछु । त्यस्तै मानविकी डिन कार्यालयका सहायक डिन सहप्राध्यापक डा. ताराकान्त पाण्डेयले लगाउनुभएको गुण पनि अविस्मरणीय छ । त्यस्तै मेरो अध्ययन चाँडै सकियोस् भनेर हार्दिक सदाशयता व्यक्त गर्नुहुने प्रा.डा.केशवप्रसाद उपाध्याय, प्रा.आनन्ददेव भट्ट, निनु चापागाईं, प्रा.डा. चूडामणि बन्धु, प्रा.डा. दयाराम श्रेष्ठ, प्रा. ठाकुरप्रसाद पराजुली, प्रा. घनश्याम उपाध्याय, प्रा.गोपीकृष्ण शर्मा, प्रा.डा. पेशल दाहाल, प्रा.डा. दिनेशचन्द्र रेग्मी, उपकुलपति गङ्गाप्रसाद उप्रेती (ने.प्र.प्र.), सहप्रा. नीलम शर्मा, पार्वती नेपाल, प्रा.सुशीला भट्ट, इन्दिरा दली, गोपी एवं शारदा प्रसाईं, श्याम एवं शान्ता सिंह, ज्ञानेश्वरी पाण्डे, गीता एवं केशव खरेल,बालकृष्ण सिवाकोटी (भट्टेली) आदि महानुभावहरूको सदाशयताप्रति म हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

जीवनका यावत् झमेलाका कारणले बेलाबखत म आफ्नो शोधकार्यलाई पूरै बिर्सन्थें । त्यस्तो बखतमा मलाई अध्ययनप्रति सचेत गराउने, सामग्री सङ्कलनका क्रममा यथेष्ट सहयोग पुऱ्याउने, मेरा जिम्मेवारीहरू घटाइदिएर अध्ययनमा लाग्न समय उपलब्ध गराउने र मूलतः शोधकार्य यथाशीघ्र सकियोस् भनेर हार्दिक एवं व्यावहारिक शुभेच्छा प्रकट गर्ने मेरा जीवनसाथी रमेशप्रसाद भट्टराईका निम्ति धन्यवाद भन्ने शब्द साह्रै बाउन्ने लागिरहेछ । मेरा सुपुत्रीद्वय जिगीषा र जिजीविषाले उनीहरूप्रतिका मेरा जिम्मेवारी घटाइदिएर मेरो शोधकार्य पूरा हुने क्षणप्रति देखाएको उत्कण्ठाले मलाई आफ्नो लक्ष्यमा पुग्न धेरै सहयोग पुगेको छ ।

मलाई शोधकार्यका निम्ति नारीवादी सिद्धान्तका पुस्तकहरू उपलब्ध गराइदिने भृकुटी एकेडेमिक पब्लिकेसनका निर्देशक लिखत पाण्डेज्यूको सहयोग बिर्सेर बिर्सिनसक्नु छ । त्यसका अतिरिक्त त्रि.वि. केन्द्रीय पुस्तकालय, मदन पुरस्कार पुस्तकालय, ब्रिटिस काउन्सिल र अमेरिकन पुस्तकालयप्रति पनि म अनुगृहीत छु ।

मेरो शोधकार्यको समाप्तिप्रति सदा उत्कण्ठित रहने र काम छिटो सक्न बारम्बार उत्प्रेरित गरिरहने मेरा जीवनदाता मातापिता भवानी त्रिपाठी तथा जगन्नाथ शर्मा त्रिपाठी, मेरी बहिनी शकुन्तला त्रिपाठी, भाइहरू विश्वनाथ, कुमार, गणेश, डा. प्रशान्त, डा. निशान्त, बुहारीहरू निर्मला, सीता एवं कल्पना, दिदी-भिनाज्यू तुलसा र यमनाथ बराल, भाइ र बहिनीका छोराछोरीहरू जिज्ञासा-निमीषा-प्रनिषा-अनिषा त्रिपाठी र अभिलेख तथा उपांशु पाण्डे आदिको गुण पनि मैले सम्झनै पर्छ ।

शोधकार्य सक्ने समयतिर म आफू आबद्ध रहेका मुख्य संस्था प्रगतिशील लेखक सङ्घ तथा अभ्युत्थान महिला साहित्य प्रतिष्ठानका साथीहरूले मेरो जिम्मेवारीसमेत पनि आफ्नो काँधमा बोकिदिएर लगाउनुभएको गुण अविस्मरणीय छ ।

अध्ययनका निम्ति तलबी बिदा उपलब्ध गराएर त्रिभुवन विश्वविद्यालयले गरेको सहयोग बिर्सी नसक्नु छ र मलाई विद्यावारिधि गराउने एउटा कारक पनि यही हो । भाइ प्रमोद पाण्डेले आफ्ना अन्य जिम्मेवारी पन्छ्याएर अत्यन्त छोटो समयमा शोधप्रबन्धको टङ्कन कार्य शुद्धताका साथ गरिदिएर ठूलो गुण लगाउनुभएको छ । मेरो शोधकार्यको अवधिमा आइपरेका समस्याको समाधान गर्नमा र कतिपय कार्यालयीय औपचारिकताहरू पूरा गर्ने काममा हार्दिकताका साथ सहयोग गर्ने मित्रद्वय माधव कोइराला र निर्मल महर्जनलाई पनि म धन्यवाद नदिइरहन सक्तिन ।
मिति : २०६६-३-३१

**सुधा त्रिपाठी**
शोधकर्ता
पिएच.डी. दर्ता नं.१२
त्रि.वि. दर्ता नं.३३-०८४०५६-५

# शोधसार

## १. विषय प्रवेश

नारी जीवनका बारेमा नारीहितकै कोणबाट नारीकै केन्द्रीयतामा गरिने चिन्तन नै नारीवाद हो। महिलाहरू सम्बन्धित रहेका हरेक सामाजिक सन्दर्भसँग नारीवादको साइनो गाँसिइसकेको छ। हाल आएर समाजका हरेक सन्दर्भलाई पर्गेल्ने विभिन्न दृष्टिकोणमध्ये नारीवादी दृष्टिकोण पनि अति महत्त्वका साथ स्थापित भइसकेको छ। साहित्य पनि अनेकन् सामाजिक सन्दर्भमध्येको एक सन्दर्भ भएकाले नारीवाद यससँग पनि सम्बन्धित हुन पुगेको छ। साहित्यमा नारीवाद सिर्जना र समालोचना दुवैतर्फ उत्तिकै वर्चस्वशाली बनिसकेको छ। नारीवादी सिर्जनाले परम्परागत नारीविरोधी सिर्जनालाई चुनौती दिने काम गर्छ भने समालोचनाले चाहिँ त्यस्ता विरोधी सिर्जना र नारीवादी सिर्जनासमेतको विश्लेषण र मूल्याङ्कन गरी मार्गदर्शनसमेत गर्दछ। यसले साहित्यको रूपपक्षको वास्ता नगरी अन्तर्वस्तुलाई मात्र महत्त्वका साथ हेर्दछ।

पूर्व र पश्चिमका सामाजिक मूल्यमान्यताहरू बिल्कुल फरक भएकाले तिनका नारीसम्बन्धी चिन्तन पनि फरक छन्। पूर्वमा नारीपक्षीय चेतनाले ठोस धरातल पक्रन नसके तापनि पाश्चात्य जगत्सँगको संसर्गका कारणले यता पनि नारीसम्बन्धी नवीन मूल्यमान्यता विकसित हुने क्रमको थालनी भएको छ। कतिपय मानिसहरू पश्चिममा सिमोन दि बुभायरको **द सेकेन्ड सेक्स** (सन् १९४४) बाट नारी चिन्तनका सन्दर्भमा नवीन र निर्णायक मोड आएको ठान्छन् तापनि यस्तो मोड उनको पुस्तक प्रकाशित हुनुभन्दा छ दशकअघि नै एङ्गेल्सद्वारा लिखित **परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति** भन्ने पुस्तकद्वारा आइसकेको थियो। यही पुस्तक नै नारीवादी चिन्तनको त्यो आधारग्रन्थ हो जसले समस्त परम्परागत महिला चिन्तनका स्थानमा वैज्ञानिक र वस्तुवादी चिन्तनलाई भित्र्यायो।

आन्दोलनका रूपमा १९ औं शताब्दीको मध्य (सन् १८४८को सेनेका फल्स कन्भेन्सन) देखि नै पाश्चात्य जगत्मा चर्चित भएको नारीवादले साठीको दशक (सन् १९६३ को बेट्टी फ्राइडनको फेमिनिन मिस्टिक)मा आएर समालोचनाको सिद्धान्त प्राप्त गऱ्यो। पाश्चात्य नारीवादी चिन्तकहरूले सबै साहित्यिक विधामाथि आधारित रहेर समालोचनालाई अगाडि बढाए तापनि मुख्य रूपमा भने आख्यान र त्यसमा पनि उपन्यास विधालाई बढी रुचाएको देखिन्छ। यसैले यस शोधप्रबन्धमा पनि नारीवादी चेतना पहिल्याउन र त्यसको विश्लेषण गर्नका निम्ति 'आधुनिक नेपाली उपन्यास' लाई आधार सामग्रीका रूपमा ग्रहण गरिएको छ। वि.सं. २०४० को दशकको अन्त्यतिरदेखि नेपाली साहित्यमा भित्रिएको नारीवादी चिन्तनले स्पष्ट रूपमा भने २०५० को दशकमा मात्र गति पक्रन सकेको देखिन्छ तापनि समालोचनाको फाँट भने शून्यजस्तै अवस्थामा रहेको छ। त्यसैले **आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतना** शीर्षकमा शोधकार्य गर्ने क्रममा यस शीर्षकको मर्मलाई पछ्याउने नेपाली समालोचनाको भने अभाव नै रह्यो।

### २. समस्याकथन

प्रस्तुत शोधप्रबन्धमा निम्नलिखित छवटा बुँदालाई मूल समस्याका रूपमा प्रस्तुत गरिएको छ- (१) पाश्चात्य जगत्मा नारी जागरण, नारीमुक्ति आन्दोलन र नारीवादको प्रारम्भ र विकास के कस्तो रह्यो ?,(२) पाश्चात्य जगत्मा नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरूको विकास के कसरी भयो ?, (३) पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू के कति र के कस्ता छन् ?, (४) नेपालमा नारी जागरणको प्रारम्भ र नारीवादी चेतनाको विकास के कसरी हुँदै आएको छ ?, (५) पुरुष एवं नारीलिखित नारीकेन्द्री तथा नारी समस्यापरक उपन्यासहरू के कति र के कस्ता छन् ? र (६) नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप के कस्तो रहेको छ ?

## ३. शोधको उद्देश्य

माथिका छबुँदे प्राज्ञिक समस्याहरूको समाधान हुनेगरी निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ प्रस्तुत शोधप्रबन्ध केन्द्रित रहेको छ -(१) पाश्चात्य जगत्मा नारी जागरण, नारीमुक्ति आन्दोलन र नारीवादको प्रारम्भ र विकासको सर्वेक्षण गर्नु, (२) पाश्चात्य जगत्मा नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरूको विकासको सर्वेक्षण गर्नु, (३) पाश्चात्य जगत्का नारीवादी साहित्यिक सिद्धान्तको प्रारम्भिक निरूपण र त्यसका शाखाप्रशाखाको सूक्ष्म अध्ययन गर्नु, (४) नेपालमा नारी जागरणको प्रारम्भ र नारीवादी चेतनाको विकासको स्थितिको सर्वेक्षण गर्नु, (५) पुरुष एवं नारीलिखित नारीकेन्द्री तथा नारी समस्यापरक प्रमुख नेपाली उपन्यासहरूको सर्वेक्षण गर्नु, (६) केही प्रतिनिधिमूलक नारीकेन्द्री र नारी समस्याकेन्द्री आधुनिक नेपाली उपन्यासहरूमा नारीवादी चेतनाको स्वरूप पहिल्याउनु र समाधानका उपायका सूचकको अन्वेषण गर्नु। यिनै बुँदाहरूमा केन्द्रित रही पुरुषवादी समालोचनाका समानान्तर स्थानमा नारीवादी समालोचनालाई स्थापित गर्नु नै प्रस्तुत शोधको उद्देश्य हो।

## ४. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधप्रबन्धमा नेपाल भित्रैका नेपाली भाषामा मात्र लेखिएका आधुनिक काल प्रारम्भ भए पछिका वि.सं.२०५८ (शोधदर्ता मितिभन्दा अघिल्लो वर्ष)सम्मका औपन्यासिक मापदण्ड पूरा गरेका मौलिक कथास्रोत भएका उपन्यासको अन्तर्वस्तुको मात्र अध्ययन प्रस्तुत गरिएको छ।

## ५. शोधविधि र सैद्धान्तिक आधार

## ४.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका क्रममा पूर्वोक्त समस्याकथन र उद्देश्यकथनका साथै पूर्वकार्य समीक्षाका आधारमा नारीवादसम्बन्धी मान्यता र नारीवादी साहित्य समालोचनालाई मुख्य सैद्धान्तिक आधार तुल्याई नेपाली उपन्यासको नारीपरक कृतिगत फाँटको र तत्सम्बन्धी नेपाली समालोचनाको क्षेत्रको विस्तृत सर्वेक्षणका आधारमा सामग्री सङ्कलन गरी तिनको विश्लेषण र निष्कर्षण गर्ने शोधविधि अँगालिएको छ।

यस क्रममा प्रस्तुत शोधकार्यको सामग्रीसङ्कलन मूलतः पुस्तकालयीय स्रोतमा आधारित छ र यस स्रोतका अतिरिक्त माओवादी जनयुद्धका सहभागी सत्य पहाडी र गणेश भण्डारी लगायतका स्रोत व्यक्तिहरूसँगका मौखिक अन्तर्वार्तालाई पनि लिइएको छ ।

आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप पहिल्याउनका लागि माथि सर्वेक्षण गरिएका उपन्यासमध्येबाट नारीवादी चिन्तनका फरकफरक धारा र महिला एवं पुरुष दुवै खाले उपन्यासकारको प्रतिनिधित्व हुने गरी कालक्रमिक रूपमा नेपाली उपन्यासको आधुनिक काल प्रारम्भ गरेको रुद्रराज पाण्डेको **रूपमती** (वि.सं. १९९१) देखि पारिजातको **अनिंदो पहाडसँगै** (वि.सं. २०३९) सम्मका विभिन्न छवटा उपन्यासको चयन गरिएको छ ।

## ४.२ विश्लेषणको सैद्धान्तिक आधार

उपर्युक्त विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीहरूको वस्तुगत अध्ययन, विश्लेषण र सामान्यीकरणसमेत गरी शोध निष्कर्षसम्म पुग्नका लागि मूलतः उपन्यास कृतिमा प्रस्तुत भएका नारीसम्बन्धी परिसूचक, यावत् सन्दर्भहरूको टिपोट तथा तिनको वर्गीकरण र विश्लेषण गरी नारीवादी सिद्धान्तका पर्याधारसँग समन्वित गरी समाजपरक समालोचनालाई पनि वस्तुनिष्ठ ढङ्गले उपयोग गरिएको छ । साथै यहाँ शोध र समालोचनात्मक परिपूरकका रूपमा इतिहासपरक, समाजपरक एवं नीतिपरक-मनोविज्ञानपरक समालोचनाका साथै नीतिवाद, आदर्शवाद, यथार्थवाद र मार्क्सवादका अतिरिक्त औपन्यासिक विधागत शीर्षक, कथानक, परिवेश एवं पात्रविधान र सन्देश एवं सामाजिक भाषिकासम्बन्धी विभिन्न अन्य समालोचनात्मक विश्लेषणका उपकरण, पद्धति र प्रक्रियालाई पनि यथावश्यक संयोजन गरिएको छ ।

## ५. शोधप्रबन्धको ढाँचा

प्रस्तुत शोधप्रबन्धलाई मूलत : आमुख, मूल पाठ र सन्दर्भ सामग्रीसूची गरी तीन खण्डमा विभाजन गरी आवश्यकता अनुसार तिनलाई अनेक शीर्षक एवं उपशीर्षकहरूमा **बाँ**डिएको छ । मूल पाठअन्तर्गत रहेका छवटा परिच्छेद अन्तर्गतका मूल शीर्षकहरूमा क्रमशः शोधप्रबन्धको परिचय, पाश्चात्य नारीवादी सन्दर्भ र सैद्धान्तिक मान्यता, नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास, नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण, नारीवादी प्रमुख नेपाली उपन्यासहरूको विश्लेषण तथा उपसंहार एवं निष्कर्ष रहेका छन् ।

## ६. शोधकार्यको निष्कर्ष

१) पाश्चात्य जगत्मा नारी जागरणको प्रारम्भ सामाजिक-राजनीतिक तहमा व्यक्तिगत ढङ्गले १८ औं शताब्दीमा र साङ्गठनिक ढङ्गले १९ औं शताब्दीका मध्यदेखि भयो ।

२) पाश्चात्य जगत्मा साहित्यिक लेखनमा महिलाको सक्रियता इ.पू छैटौं शताब्दीकी सफ्फोदेखि देखिएको हो ।

३) नारीवादी लेखनको प्रारम्भ मेरी उल्स्टोन क्राफ्टको सन् १७९२ को **ए भिन्डिकेसन अफ द राइट्स अफ उमन**बाट भएको हो ।

४) पाश्चात्य जगत्मा नारीवादी समालोचना सिद्धान्तको प्रारम्भ बेट्टी फ्राइडनको सन् १९६३ को **फेमिनिन मिस्टिकबाट** भयो ।

५) नेपालमा राजनीतिक नारी जागरणको प्रारम्भ लिच्छविकालदेखि र सामाजिक नारी जागरणको प्रारम्भ योगमाया न्यौपानेदेखि भएको हो ।

६) नेपालमा नारीवादी समालोचनाको प्रारम्भ २०४० को दशकको अन्त्यदेखि मात्रै भएको हो ।

७) महिला र पुरुष दुवैथरि उपन्यासकारद्वारा लिखित नारीकेन्द्री र नारी समस्याकेन्द्री जम्माजम्मी छ दर्जनजति नेपाली उपन्यास मात्र नारीवादी दृष्टिकोणबाट उल्लेखयोग्य ठहरिए ।

८) सर्वेक्षणमा समेटिएका उपन्यासकार मध्येमा प्रतिनिधिमूलक ढङ्गले जम्मा छजना उपन्यासकारका उपन्यासको मात्र नारीवादी दृष्टिकोणबाट विश्लेषण गरियो तर तीमध्ये कुनै पनि उपन्यासमा नारीवादको पुष्ट स्वरूप भने पाउन सकिएन ।

९) प्रस्तुत शोधप्रबन्धमा विश्लेषणमा समावेश गरिएका छवटा नेपाली उपन्यासमा क्रमशः उदार नारीवाद, स्वच्छन्दतावादी क्रान्तिकारी नारीवाद, स्वच्छन्दतावादउत्प्रेरित उदार नारीवाद, मनोविश्लेषणात्मक नारीवाद, अस्तित्ववादी नारीवाद र मार्क्सवादी नारीवादको अपुष्ट स्वरूप फेला परेका छन् ।

१०) मध्यम स्तरसम्मका समग्र नारीकेन्द्री र नारी समस्याकेन्द्री उपन्यासको सर्वेक्षण र विश्लेषण गर्दा नारीवादी दृष्टिकोणको पूर्ण उपयोग गरेरै लेखिएको उपन्यास भने एउटै पनि भेटिएन । अर्थात् नारीवादी कोणबाट उपयुक्त मानिएका उपन्यासमा पनि नारीवादी चिन्तनका पक्षहरूको पर्याप्तता भने पाइएन । यी छवटा उपन्यासमध्ये तुलनात्मक रूपमा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** र पारिजातको **अनिँदो पहाडसँगै** उपन्यास नारीवादी चेतनाका निकट भेटिएका छन् र यीमध्ये पनि **अनिँदो पहाडसँगै** उपन्यासको नारीपक्षीय प्रस्तुति उत्कृष्ट रहेको छ । यिनले पछिल्ला दिनमा लेखिने उपन्यासलाई नारीवादी मार्गनिर्देशन गर्ने क्षमता राखेका छन् ।

# विषयसूची

**शीर्षक**

**शोधप्रबन्ध समितिको सिफारिस** 1

**डिन कार्यालयको अनुमोदन पत्र** 2

**प्रतिबद्धता पत्र** 3

**कृतज्ञता ज्ञापन** 5

**शोधसार** 8

**पहिलो परिच्छेद : शोधपरिचय** **पृष्ठ**

१.१ पृष्ठभूमि १
१.२ शोधको समस्याकथन ३
१.३ शोधको उद्देश्यकथन ४
१.४ पूर्वकार्यको विवरण र समीक्षा ४
१.५ शोधको औचित्य र महत्त्व ११
१.६ शोधकार्यको सीमाङ्कन ११
१.७ शोधविधि र सैद्धान्तिक आधार १२
१.८ शोधप्रबन्धको परिच्छेद विभाजन र स्वरूप १३

**दोस्रो परिच्छेद : पाश्चात्य नारीवादी सन्दर्भ , सैद्धान्तिक मान्यता र उपन्यास विश्लेषणका प्रतिमान**

२.१ पाश्चात्य जगत्मा नारी जागरण र नारीमुक्ति आन्दोलन तथा नारीवाद १६
२.१.१ अमेरिकामा नारी जागरण र नारीमुक्ति आन्दोलन १८
२.१.२ युरोपमा नारी जागरण र नारीमुक्ति आन्दोलन २३
२.१.३ पाश्चात्य जगत्मा नारीवाद २८
२.२ पाश्चात्य नारीलेखन र नारीवादका सिर्जनात्मक पक्षहरू ३२
२.२.१ प्रारम्भिक युग ३२
२.२.२ माध्यमिक युग ३८
२.२.३ पूर्वआधुनिक (भिक्टोरिया) युग ४४

| | | |
|---|---|---|
| २.२.४ | नवआधुनिक युग | ४७ |
| २.३ | पाश्चात्य नारीवादी समालोचनाका प्रमुख सिद्धान्तहरू | ५८ |
| २.३.१ | पाश्चात्य नारीवादी समालोचना | ६२ |
| २.३.२ | मूलधारा र त्यसका स्थापना | ६६ |
| २.३.२.१ | उदार नारीवाद | ६६ |
| २.३.२.२ | मार्क्सवादी नारीवाद | ७५ |
| २.३.२.३ | आमूल नारीवाद | ८४ |
| २.३.२.४ | समाजवादी नारीवाद | ९५ |
| २.३.३ | सहायक धारा र त्यसका स्थापना | १०० |
| २.३.३.१ | मनोविश्लेषणात्मक नारीवाद | १०० |
| | क) फ्रायडेली नारीवाद | १०१ |
| | ख) लकानेली नारीवाद | १०५ |
| २.३.३.२ | उत्तरआधुनिक नारीवाद | ११० |
| २.३.३.३ | उत्तरसंरचनावादी नारीवाद | ११३ |
| २.३.४ | अन्य धारा र तिनका स्थापना | १२० |
| २.३.४.१ | जाति/जनजातिगत सांस्कृतिक नारीवादी धारा | १२१ |
| २.३.४.२ | कालावादी नारीवादी धारा | १२४ |
| २.३.४.३ | काला नारी समलैङ्गिक नारीवादी धारा | १२६ |
| २.३.४.४ | उत्तरउपनिवेशवादी नारीवादी धारा | १३२ |
| २.३.४.५ | उत्तरनारीवादी धारा | १३२ |
| २.३.४.६ | नारीवादी तेस्रो धार | १३४ |
| २.४ | नारीवादी उपन्यासविश्लेषणका प्रतिमान | १३९ |
| २.४.१ | पृष्ठभूमि | १४० |
| २.४.२ | शीर्षक | १४० |
| २.४.३ | औपन्यासिक सामाजिक परिवेश र नारीसन्दर्भ | १४० |
| २.४.४ | मूल नारी समस्या | १४० |
| २.४.५ | परिणति र सन्देश | १४१ |
| २.४.६ | प्रमुख नारी चरित्र | १४१ |
| २.४.७ | नारी-नारीका बीचको स्थिति | १४१ |
| २.४.८ | नारीप्रतिको पुरुषको दृष्टिकोण | १४१ |
| २.४.९ | पुरुषप्रतिको नारीको दृष्टिकोण | १४२ |
| २.४.१० | समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति | १४२ |
| २.४.११ | नारीप्रतिको लेखकीय दृष्टि | १४२ |
| २.५ | निष्कर्ष | १४३ |

**तेस्रो परिच्छेद : नेपालमा नारी जागरण र नारीवादी चेतनाको विकास**


३.१ नेपाली परम्परागत समाजमा नारीको स्थिति र नारी जागरण १४६

३.१.१ नेपाली परम्परागत समाजमा नारीको स्थिति १४६

३.१.२ नेपालमा नारी जागरण १५०

३.१.२.१ नेपालमा सामाजिक नारी जागरण १५०

३.१.२.२ नेपालमा राजनीतिक नारी जागरण १५२

३.२ नेपाली नारी जागरण र नारीवादका प्रसारमा पाश्चात्य र एसियाली प्रभाव १५७

३.३ नेपाली बौद्धिक, सांस्कृतिक र साहित्यिक क्षेत्रमा नारीवादको विकास १६२

३.३.१ नेपाली बौद्धिक क्षेत्रमा नारीवादको विकास १६२

३.३.१.१ नेपालमा नारीवादको विकासमा **अस्मिता** पत्रिकाको योगदान १६३

३.३.१.२ नेपालमा नारीवादको विकासमा अन्य बौद्धिक क्षेत्रको योगदान १६५

३.३.२ नेपाली सांस्कृतिक क्षेत्रमा नारीवादको विकास १६६

३.३.३ नेपाली साहित्यिक क्षेत्रमा नारीवादको विकास १६८

३.४ निष्कर्ष : नेपाली नारीवादी चेतनाको स्वरूप १७१


**चौथो परिच्छेद : नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण**


४.१ पुरुषलिखित नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण १७३

४.२ नारीलिखित नारी समस्यापरक नेपाली उपन्यासहरूको सर्वेक्षण १८७

४.३ नारी समस्यापरक नेपाली उपन्याससम्बन्धी सर्वेक्षणको निष्कर्ष १९३


**पाँचौं परिच्छेद : प्रमुख नेपाली नारीवादी उपन्यासहरूको विश्लेषण**


५.१ **रूपमती** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण १९५

५.१.१ पृष्ठभूमि १९५

५.१.२ शीर्षक १९७

५.१.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत् १९८

५.१.३.१ स्थानगत सन्दर्भ १९८

५.१.३.२ कालगत सन्दर्भ १९९

५.१.३.३ वर्गीय सन्दर्भ २०१

५.१.४ मूल नारी समस्या २०३

५.१.४.१ बालविवाह २०३

| | | |
|---|---|---|
| | ५.१.४.२ नारी स्वयं नारीविरोधी हुनु | २०४ |
| | ५.१.४.३ दाम्पत्य जीवनको असामञ्जस्य | २०४ |
| | ५.१.४.४ असमान शैक्षिक स्थिति | २०५ |
| | ५.१.५ परिणति र सन्देश पक्ष | २०५ |
| | ५.१.५.१ परिणति | २०६ |
| | ५.१.५.२ सन्देश | २०६ |
| | ५.१.६ प्रमुख नारी चरित्र | २०७ |
| | ५.१.६.१ रूपमती | २०८ |
| | ५.१.६.२ पण्डित्नी बज्यै | २१० |
| | ५.१.६.३ बरालपुत्री | २११ |
| | ५.१.७ नारी-नारीका बीचको सम्बन्ध | २१४ |
| | ५.१.७.१ सासूबुहारी | २१५ |
| | ५.१.७.२ देवरानी जेठानी | २१७ |
| | ५.१.८ नारीप्रतिको पुरुषको दृष्टिकोण | २१९ |
| | ५.१.९ पुरुषप्रतिको नारीको दृष्टिकोण | २२१ |
| | ५.१.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति | २२२ |
| | ५.१.११ नारीप्रतिको लेखकीय दृष्टि | २२४ |
| | ५.१.१२ निष्कर्ष | २२७ |
| ५.२ | **स्वास्नीमान्छे** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण | २२८ |
| | ५.२.१ पृष्ठभूमि | २२८ |
| | ५.२.२ शीर्षक | २३० |
| | ५.२.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत् | २३१ |
| | ५.२.३.१ स्थानगत सन्दर्भ | २३२ |
| | ५.२.३.२ कालगत सन्दर्भ | २३२ |
| | ५.२.३.३ वर्गीय सन्दर्भ | २३४ |
| | ५.२.४ मूल नारी समस्या | २३६ |
| | ५.२.४.१ पुरुषको स्वेच्छाचारिता र समाजको मान्यता | २३६ |
| | ५.२.४.२ नारीको आर्थिक हैसियतहीनता | २३८ |
| | ५.२.४.३ जातिगत अन्धविश्वास | २३९ |
| | ५.२.४.४ नारी स्वयं नारीविरोधी हुनु | २३९ |
| | ५.२.४.५ नारीलाई सामाजिक मान्यता प्राप्त नहुनु | २४० |
| | ५.२.५ परिणति र सन्देश पक्ष | २४१ |
| | ५.२.५.१ परिणति | २४१ |
| | ५.२.५.२ सन्देश | २४२ |

| | | |
|---|---|---|
| ५.२.६ | प्रमुख नारी चरित्र | २४३ |
| ५.२.६.१ | मोतीमाया | २४४ |
| ५.२.६.२ | कमला | २४८ |
| ५.२.६.३ | मैयाँनानी | २४९ |
| ५.२.७ | नारी-नारीका बीचको सम्बन्ध | २५२ |
| ५.२.७.१ | सौता-सौताका बीचको सम्बन्ध | २५३ |
| ५.२.७.२ | मोतीमायाको अन्य महिलासँगको सम्बन्ध | २५६ |
| ५.२.७.३ | अन्य महिलाको आपसी सम्बन्ध | २५७ |
| ५.२.८ | नारीप्रतिको पुरुषको दृष्टिकोण | २५८ |
| ५.२.८.१ | प्रमोदको नारीप्रतिको दृष्टिकोण | २५८ |
| ५.२.८.२ | मोहनको नारीप्रतिको दृष्टिकोण | २६० |
| ५.२.८.३ | विनोदको नारीप्रतिको दृष्टिकोण | २६२ |
| ५.२.९ | पुरुषप्रतिको नारीको दृष्टिकोण | २६५ |
| ५.२.९.१ | मोतीमायाको पुरुषप्रतिको दृष्टिकोण | २६६ |
| ५.२.९.२ | मैयाँनानीको पुरुषप्रतिको दृष्टिकोण | २६८ |
| ५.२.९.३ | कमलाको पुरुषप्रतिको दृष्टिकोण | २७० |
| ५.२.९.४ | हीराज्यानको पुरुषप्रतिको दृष्टिकोण | २७१ |
| ५.२.९.५ | अन्य महिलाको पुरुषप्रतिको दृष्टिकोण | २७२ |
| ५.२.१० | समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति | २७३ |
| ५.२.११ | नारीप्रतिको लेखकीय दृष्टि | २७८ |
| ५.२.१२ | निष्कर्ष | २८५ |
| ५.३ | **शान्ति** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण | २८६ |
| ५.३.१ | पृष्ठभूमि | २८६ |
| ५.३.२ | शीर्षक | २८९ |
| ५.३.३ | औपन्यासिक सामाजिक परिवेश तथा नारीजगत् | २८९ |
| ५.३.३.१ | स्थानगत सन्दर्भ | २८९ |
| ५.३.३.२ | कालगत सन्दर्भ | २९३ |
| ५.३.३.३ | वर्गीय सन्दर्भ | २९७ |
| ५.३.४ | मूल नारी समस्या | ३०१ |
| ५.३.४.१ | अनमेल विवाह | ३०१ |
| ५.३.४.२ | कागजी प्रावधानमा सीमित विधवा-विवाह | ३०३ |
| ५.३.४.३ | छोरीका जीवनको मूल्यहीनता | ३०४ |
| ५.३.४.४ | पुरुषको स्वेच्छाचारिता | ३०४ |
| ५.३.४.५ | धर्मका खोलभित्रको व्यभिचार | ३०४ |

५.३.४.६ नेताको दुश्चरित्रता ३०५
५.३.४.७ नारी स्वयंको रूप र गुण ३०५
५.३.५ परिणति र सन्देश पक्ष ३०६
५.३.५.१ परिणति ३०६
५.३.५.२ सन्देश ३०७
५.३.६ प्रमुख नारी चरित्र ३०९
५.३.६.१ शान्ति ३१०
५.३.६.२ माधुरीबज्यै ३१३
५.३.६.३ कप्तान्नी नानी ३१४
५.३.६.४ वसन्तकुमारी ३१५
५.३.६.५ बेली ३१६
५.३.६.६ सानीबज्यै ३१६
५.३.७ नारी-नारीका बीचको सम्बन्ध ३१७
५.३.७.१ मृदु सम्बन्ध ३१८
क) कप्तान्नी र वसन्तकुमारी (सासूबुहारी) ३१८
ख) शान्ति र सानीबज्यै ३१९
ग) शान्ति र बेली ३१९
घ) बेली र सानीबज्यै ३२०
ङ) कप्तान्नी र सानी बज्यै ३२०
५.३.७.२ कटु सम्बन्ध ३२१
क) शान्ति र माधुरीबज्यै ३२१
ख) एन्.डी. र शान्ति ३२१
ग) शान्ति र गङ्गी-सान्नानी ३२२
घ) जङ्गेकी पत्नी र बेली ३२२
५.३.८ नारीप्रतिको पुरुषको दृष्टिकोण ३२३
५.३.९ पुरुषप्रतिको नारीको दृष्टिकोण ३२७
५.३.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति ३३०
५.३.११ नारीप्रतिको लेखकीय दृष्टिकोण ३३२
५.३.१२ निष्कर्ष ३३५

५.४ **अनुराधा** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण ३३६
५.४.१ पृष्ठभूमि ३३६
५.४.२ शीर्षक ३३८
५.४.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत् ३३९
५.४.३.१ स्थानगत सन्दर्भ ३३९

| | | |
|---|---|---|
| | ५.४.३.२ कालगत सन्दर्भ | ३४३ |
| | ५.४.३.३ वर्गीय सन्दर्भ | ३४६ |
| | ५.४.४ मूल नारी समस्या | ३५० |
| | ५.४.४.१ नारीको मांसल सौन्दर्य | ३५१ |
| | ५.४.४.२ समाजको सङ्क्रमणशीलता | ३५२ |
| | ५.४.४.३ नारी-शिक्षा | ३५३ |
| | ५.४.४.४ उच्च वर्गीय परिवारको सदस्यता | ३५३ |
| | ५.४.४.५ सौन्दर्य र शिक्षाको समन्वित रूप | ३५४ |
| | ५.४.४.६ नारी-ईर्ष्या | ३५५ |
| | ५.४.४.७ मनोवैज्ञानिक समस्या | ३५५ |
| | ५.४.५ परिणति र सन्देश पक्ष | ३५७ |
| | ५.४.५.१ परिणति | ३५७ |
| | ५.४.५.२ सन्देश | ३५९ |
| | ५.४.६ प्रमुख नारी चरित्र | ३६० |
| | ५.४.६.१ अनुराधा | ३६२ |
| | ५.४.६.२ आमा | ३६७ |
| | ५.४.६.३ दिदीहरू | ३६९ |
| | ५.४.७ नारी-नारीका बीचको सम्बन्ध | ३७० |
| | ५.४.७.१ आमाछोरीको सम्बन्ध | ३७१ |
| | ५.४.७.२ दिदीबहिनीको सम्बन्ध | ३७३ |
| | ५.४.८ नारीप्रतिको पुरुषको दृष्टिकोण | ३७४ |
| | ५.४.८.१ नारीप्रतिको पुरुषको नकारात्मक दृष्टिकोण | ३७५ |
| | ५.४.८.२ नारीप्रतिको पुरुषको सकारात्मक दृष्टिकोण | ३७६ |
| | ५.४.९ पुरुषप्रतिको नारीको दृष्टिकोण | ३७८ |
| | ५.४.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति | ३८३ |
| | ५.४.११ नारीप्रतिको लेखकीय दृष्टि | ३८६ |
| | ५.४.१२ निष्कर्ष | ३९० |
| ५.५ | **तीन घुम्ती** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण | ३९१ |
| | ५.५.१ पृष्ठभूमि | ३९१ |
| | ५.५.२ शीर्षक | ३९४ |
| | ५.५.३ औपन्यासिक सामाजिक परिवेश र नारीजगत् | ३९५ |
| | ५.५.३.१ स्थानगत सन्दर्भ | ३९५ |
| | ५.५.३.२ कालगत सन्दर्भ | ३९८ |

| | | |
|---|---|---|
| ५.५.३.३ | वर्गीय सन्दर्भ | ४०२ |
| ५.५.४ | मूल नारी समस्या | ४०६ |
| ५.५.४.१ | नारीको आस्तित्विक चेतना | ४०७ |
| ५.५.४.२ | प्रेमपथतर्फको अग्रसरता | ४०८ |
| ५.५.४.३ | वैवाहिक सम्बन्ध | ४०९ |
| ५.५.४.४ | सतीत्वको प्रश्न | ४१० |
| ५.५.४.५ | मातृत्व अधिकारप्रतिको सजगता | ४११ |
| ५.५.४.६ | नारीको स्वनिर्णय | ४१२ |
| ५.५.५ | परिणति र सन्देश | ४१३ |
| ५.५.५.१ | परिणति | ४१३ |
| ५.५.५.२ | सन्देश | ४१६ |
| ५.५.६ | प्रमुख नारी चरित्र | ४१७ |
| ५.५.७ | नारी-नारीका बीचको सम्बन्ध | ४२९ |
| ५.५.८ | नारीप्रतिको पुरुषको दृष्टिकोण | ४३२ |
| ५.५.८.१ | इन्द्रमायाप्रतिको पीताम्बरको दृष्टिकोण | ४३३ |
| ५.५.८.२ | इन्द्रमायाप्रतिको रमेशको दृष्टिकोण | ४३५ |
| ५.५.९ | पुरुषप्रतिको नारीको दृष्टिकोण | ४३७ |
| ५.५.९.१ | पीताम्बरप्रतिको इन्द्रमायाको दृष्टिकोण | ४३८ |
| ५.५.९.२ | रमेशप्रतिको इन्द्रमायाको दृष्टिकोण | ४४२ |
| ५.५.१० | समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति | ४४६ |
| ५.५.११ | नारीप्रतिको लेखकीय दृष्टि | ४४८ |
| ५.५.११ | निष्कर्ष | ४५५ |
| ५.६ | **अनिंदो पहाडसँगै** उपन्यासको नारीवादी प्रवृत्तिको विश्लेषण | ४५६ |
| ५.६.१ | पृष्ठभूमि | ४५६ |
| ५.६.२ | शीर्षक | ४६० |
| ५.६.३ | औपन्यासिक सामाजिक परिवेश र नारीजगत् | ४६१ |
| ५.६.३.१ | स्थानगत सन्दर्भ | ४६१ |
| ५.६.३.२ | कालगत सन्दर्भ | ४६२ |
| ५.६.३.३ | वर्गीय सन्दर्भ | ४६४ |
| ५.६.४ | मूल नारी समस्या | ४६८ |
| ५.६.४.१ | पितृसत्तात्मक सामाजिक संरचना | ४६९ |
| ५.६.४.२ | गरीबी | ४६९ |
| ५.६.४.३ | अशिक्षा | ४७० |
| ५.६.४.४ | पुरुष-अहङ्कार | ४७१ |

५.६.४.५ वीरपूजाको आदर्श ४७१
५.६.५ परिणति र सन्देश ४७३
५.६.५.१ परिणति ४७३
५.६.५.२ सन्देश ४७४
५.६.६ प्रमुख नारी चरित्र ४७४
५.६.६.१ सुवानी ४७६
५.६.६.२ गोरीमाया ४८२
५.६.६.३ चन्द्रकान्ता ४८५
५.६.७ नारी-नारीका बीचको सम्बन्ध ४९०
५.६.७.१ सुवानीको अरू नारीसँगको सम्बन्ध ४९२
क) गोरीमायासँगको सम्बन्ध ४९२
ख) चन्द्रकान्तासँगको सम्बन्ध ४९३
ग) अन्य महिलासँगको सम्बन्ध ४९३
५.६.७.२ गोरीमायाको अरू नारीसँगको सम्बन्ध ४९५
क) सुवानीसँगको सम्बन्ध ४९५
ख) चन्द्रकान्तासँगको सम्बन्ध ४९७
५.६.७.३ चन्द्रकान्ताको अरू नारीसँगको सम्बन्ध ४९७
क) सुवानीसँगको सम्बन्ध ४९७
ख) गोरीमायासँगको सम्बन्ध ४९९
५.६.८ नारीप्रतिको पुरुषको दृष्टिकोण ५००
५.६.८.१ नारीप्रतिको एम्. आर.को दृष्टिकोण ५०१
५.६.८.२ नारीप्रतिको लालबहादुरको दृष्टिकोण ५०३
क) आमाप्रतिको लालबहादुरको दृष्टिकोण ५०३
ख) सुवानीप्रतिको लालको दृष्टिकोण ५०४
ग) गोरीमायाप्रतिको लालको दृष्टिकोण ५०५
५.६.८.३ नारीप्रतिको अरू पुरुषको दृष्टिकोण ५०६
५.६.९ पुरुषप्रतिको नारीको दृष्टिकोण ५०७
५.६.९.१ चन्द्रकान्ताको श्रीमान्प्रतिको दृष्टिकोण ५०८
५.६.९.२ चन्द्रकान्ताको छोराप्रतिको दृष्टिकोण ५०९
५.६.९.३ सुवानीको एम्.आर. प्रतिको दृष्टिकोण ५११
५.६.९.४ सुवानीको लालप्रतिको दृष्टिकोण ५११
५.६.९.५ सुवानीको अन्य पुरुषप्रतिको दृष्टिकोण ५१२
५.६.९.६ गोरीमायाको बाबुप्रतिको दृष्टिकोण ५१२
५.६.९.७ गोरीमायाको लालप्रतिको दृष्टिकोण ५१२
५.६.९.८ गोरीमायाको अन्य पुरुषप्रतिको दृष्टिकोण ५१४

५.६.१० समुच्चा औपन्यासिक परिवेशमा नारीको अवस्थिति ५१५
५.६.११ नारीप्रतिको लेखकीय दृष्टि ५२०
५.६.१२ निष्कर्ष ५२८
५.७ विश्लेषित उपन्यासको तुलनात्मक निष्कर्ष : आधुनिक नेपाली उपन्यासमा नारीवादी चेतनाको स्वरूप ५२८

**छैटौं परिच्छेद : उपसंहार : सारांश तथा निष्कर्ष**

६.१ पूर्वपरिच्छेदगत विवेचनाको सारांश ५३१
६.२ शोधकार्यको निष्कर्ष ५३६
६.३ भावी शोधकार्यका लागि प्रस्तावित शीर्षकहरू ५३७

**प्रमुख सन्दर्भसामग्रीसूची**

क) देवनागरी लिपिका सन्दर्भसामग्री ५३८

ख) रोमेली लिपिका (अङ्ग्रेजी भाषाका) सन्दर्भसामग्री ५४३